## गुठीका सदस्य-सचिव श्री कुन्द मणि दीक्षितबाट
## धन्यवाद ज्ञापन

**आदरणीय अध्यक्षज्यू, मान्यवर डा. उपेन्द्रमान मल्लज्यू, आजका सम्मानित कवि रत्नशमशेर थापाज्यू तथा राजन मुकारुङज्यू र उपस्थित साथीहरू !**

आफू पत्रकार भएकाले म आज सबैभन्दा पहिले हाम्रा पत्रकार बन्धुहरू, रिपोर्टर, सम्पादक र प्रकाशक सबैलाई एकमुष्ठ धन्यवाद ज्ञापन गर्छु। यस वर्ष पुरस्कारको जति चर्चा भए पत्रिका र एफ एमहरूमा, त्यो एकदमै नौलो थियो। त्यसबाट गुठीका हामी सबै अत्यन्त उत्साहित भएका छौं। हुन त यस पटक पनि हामीले कुनाकानीबाट अलिअलि गाली नखाएको हैन तर त्यसलाई पनि हामीले आशीर्वाद नै मानेका छौं। सबैलाई धन्यवाद छ।

डाक्टर उपेन्द्रमान मल्लज्यू, तपाईंसित त यो मेरो पहिलो भेट हो तर तपाईंका पूज्य पिताजीलाई भने मैले सानै बेलादेखि धेरै देखेको हुँ। उहाँ मलाई भेटेको बेला जैले पनि "धेरै पढ्नू, बुवा हजुर्बुवा जस्तै हुनू" भनेर अर्ती र आशीर्वाद दिइरहनुहुन्थ्यो। ऐले तपाईंलाई देख्दा मैले उहाँलाई नै सम्झें। तपाईंको सारगर्भित विद्वद्प्रवचन सुनेर आनन्द लाग्यो। धेरै धन्यवाद।

कवि रत्नशमशेरज्यू, सानै बेलादेखि तपाईंका गीतहरू सुन्दै आएको हुँ मैले तर ती गीतहरू तपाईंले लेखेको भन्ने मलाई थाहा थिएन। ती

मीठीमीठा गीतहरू लेख्ने कविजीसँग यसरी यौटै मञ्चमा बस्न पाइएला भन्ने मैले कल्पना पनि गरेको थिइनँ । त्यो सन्जोग जुराइदिएकोमा तपाईंलाई धेरै धन्यवाद !

राजन मुकारुङज्यू, तपाईंले गुठीलाई गुन लगाउनुभएको छ । हामीले यसपटक तपाईंको कितापलाई पुरस्कृत गरेपछि जस पाएका छौं । काम गर्नुभयो तपाईंले, जस पायौं हामीले । अर्को कुरा, युवावर्गमा यो पुरस्कार पुऱ्याउन समेत तपाईंले हामीलाई सघाउनुभयो । हामी तपाईंप्रति कृतज्ञ छौं । धन्यवाद ।

उपस्थित साथीहरू, तपाईंहरूको आगमनले हामी कृतकृत्य भएका छौं । यस वर्ष पुरस्कारको घोषणा हुन केही बढी समय लाग्यो। त्यसको कारण के हो भने यस पालि सधैंभन्दा धेरै पुस्तक आए गुठीमा पुरस्कारका लागि । तिनको छानबिन गर्न हाम्रा सदस्यज्यूहरूलाई केही बढी समय लाग्यो । अनि परीक्षकहरूले पनि अतिरिक्त समय लिइदिनुभयो । तर परिणाम राम्रो भएछ । यसमा संलग्न सबैलाई धन्यवाद भन्छु ।

रातो बङ्गला स्कूलबाट हामीले सधैं नै ठूलो सहयोग पाइरहेका छौं । स्कूलको व्यवस्थापन पक्ष र कर्मचारीवर्ग सबैलाई गुठीका तर्फबाट धेरै धन्यवाद । त्यस्तै मदन पुरस्कार पुस्तकालय र जगदम्बा प्रेसलाई पनि त्यहाँका स्टाफ र कर्मचारीहरूलाई लगाएर सहयोग गरेकोमा म हार्दिक धन्यवाद ज्ञापन गर्छु । आजका हाम्रा एमसी टीकाराम सरलाई पनि मलाई सघाएकोमा धेरै धन्यवाद !

कार्यक्रम सकियो । अब तल प्राङ्गणमा गएर जलपान गरौं धन्यवाद ! जय होस् !